# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ७ संख्या – ४ मितिः २०८० भाद्र २९

# भाग - २

करारमा शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड – ७ संख्या – ४ मितिः २०८० भाद्र २९

## करारमा शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०५।२८

प्रमाणीकरण र प्रकाशन मितिः २०८० २९/०५/

गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा रिक्त हुन आएका स्वीकृत दरबन्दी, राहत दरबन्दी, शिक्षण सिकाइ सहयोग अनुदान कोटा, वालविकास केन्द्रका शिक्षक, सामुदायिक सिकाइ केन्द्रका सामुदायिक परिचालक, विद्यालय सहयोगी वा विद्यालय सहायक कर्मचारी (लेखा हेर्ने) हरूको दरबन्दीमा करारमा नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १- प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम करारमा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** कुनै विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “गाउँपालिका” भन्नाले बेनीघाट रोराङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) “ऐन” भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०८०

सम्झनुपर्छ ।

ग) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत
सम्झनुपर्छ ।

ङ) "शाखा" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

च) "गाउँ शिक्षा अधिकारी" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी सम्हाल्न तोकिएको शाखा प्रमुख सम्झनुपर्छ

छ) "स्रोतव्यक्ति" भन्नाले विद्यालय अनुगमन, निरीक्षण, सुपरीवेक्षण, मूल्याङ्कन तथा शैक्षिक सहजीकरण सम्बन्धी कार्य गर्न तोकिएको स्थायी शिक्षक सम्झनु पर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १६ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

झ) "प्रधानाध्यापक" भन्नाले बेनीघाट रोराङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक सम्झनुपर्छ ।

ञ) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत दरबन्दी, प्रारम्भिक वालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा (संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त) र सट्टामा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

ट) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षण बाहेकका अन्य काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

ण) "विशेषज्ञ" भन्नाले गाउँपालिकामा सूचिकृत विशेषज्ञ (माध्यमिक तह र आधारभूत तह कक्षा (६-८) को लागि विषयगत समेत) सम्झनुपर्छ ।

## परिच्छद २ - शिक्षक छनोट समिति, पदपूर्ति र छनोट प्रकृया

**३. शिक्षक छनोट समितिः** गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त हुन आएका स्वीकृत दरबन्दी वा राहत कोटा, अनुदान कोटा, बालविकास केन्द्रका बालशिक्षक, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, शिक्षण सिकाइ

सहयोग अनुदान र सामुदायिक सिकाइ केन्द्रका परिचालक दरबन्दीमा करारमा नियुक्ति गर्नका लागि देहायबमोजिमको शिक्षक छनोट समिति रहनेछः

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सो समितिका सदस्यहरुमध्येबाट नीजले तोकेको सदस्य- अध्यक्ष

(ख) सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई वा पालिकाबाट सूचिकृत दुईजना विषय विशेषज्ञ- सदस्य

(ग) गाउँ शिक्षा अधिकारी -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**४. पदपूर्तिः** (१) सामुदायिक विद्यालयमा शिक्षक र कर्मचारीको पद रिक्त भएपछि विद्यालयले रिक्त भएको पद, तह, श्रेणी र विषय खोली सात दिनभित्र गाउँपालिकामा जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पदपूर्तिको लागि विज्ञापन गर्न गाउँपालिकामा अनुमति माग गर्नुपर्नेछ ।

(३) पदपूर्ति माग भएकोमा गाउँपालिकाले उक्त पद, तह, श्रेणी र विषय खोली पदपूर्तिको लागि अनुमति दिनुपर्नेछ ।

(४) पदपूर्तिको लागि विज्ञापन अनुमति प्राप्त भएपछि विद्यालयले स्वीकृत शिक्षक दरबन्दीको हकमा कम्तिमा पन्ध्र दिन र अन्यको हकमा कम्तीमा ७ दिनको सूचना प्रकाशित गर्नेछ । विज्ञापनको सूचना सम्बन्धित विद्यालय, वडा कार्यालय र गाउँपालिकामा अनिवार्य टाँस गर्नुको साथै स्थानीय सञ्चार माध्यम वा पत्रपत्रिका वा सामाजिक सञ्जालमा समेत प्रकाशित गर्नुपर्नेछ ।

(५) विज्ञापनको म्याद समाप्त भएपछि ऐनको दफा ३१ बमोजिमको छनोट समितिले शिक्षक र कर्मचारीको छनोट गरी करारमा शिक्षक कर्मचारी नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**५. छनोट प्रक्रियाः** (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा राहत र करार शिक्षक नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनोट गर्नुपर्नेछ ।

(४) ऐनको दफा ३१ को उपदफा (१) को खण्ड (ग) बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा शिक्षा विकास तथा समन्वय इकाई वा गाउँपालिकामा सूचिकृत विषय विशेषज्ञहरु मध्येबाट परीक्षा सञ्चालन हुने दिन बिहान वा अघिल्लो दिन छनोट समितिको बैठक बसी छनोट गर्नुपर्नेछ ।

(५) छनोट प्रक्रियामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्ष पर्यवेक्षकका रुपमा रहन सक्नेछन् ।

(६) छनोट प्रक्रियामा पारदर्शिता कायम राख्नको लागि प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कुनै पनि अधिकृत वा सहायक कर्मचारी आमन्त्रित सदस्य वा रोहबरका रुपमा रहनेछन् । सहायक कर्मचारीले परीक्षामा निरीक्षकको भूमिका निर्बाह गर्नेछन्।

(७) **शिक्षक छनोट सम्बन्धी विशेष व्यवस्थाः** विद्यालयमा लामो समय शिक्षक रिक्तताको अवस्था हुन नदिन शिक्षा ऐनको दफा ३१ को उपदफा ५ मा उल्लेख भए अनुसार प्राथमिक तहको रिक्त शिक्षक पदमा करार वा राहत शिक्षक नियुक्ति गर्नको लागि वर्षको एक पटक खुला विज्ञापन गरी करार सूचि तयार गरी उक्त सूचिबाट योग्यता क्रमको आधारमा करार वा राहत शिक्षक नियुक्तिका लागि विव्यसलाई सिफारिस गर्न सक्नेछ ।

(८) दफा ७ कार्यान्वयनको लागि देहायको प्रक्रिया अपनाउनु पर्नेछः

क) राहत र करार शिक्षकको लागि गाउँपालिकाले खुला विज्ञापन गर्ने ।

ख) राहत र करार शिक्षकको लागि एउटै विज्ञापन कायम गर्ने।

ग) छनौट प्रक्रिया दफा ५ को उपदफा १ र २ अनुसार नै गर्ने ।

घ) यस गाउँपालिका भित्र करार र राहत दरबन्दीमा कार्यरत शिक्षकहरुले

यस प्रयाजनका लागि दरखास्त दिन पाउने छैनन् ।

ङ) यस प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा शिक्षक छनौट समितिले मनोनित गरेको सूचिकृत विषय विशेषज्ञहरु, प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै अधिकृत कर्मचारी र गाउँ शिक्षा अधिकारी सम्मिलित शिक्षक छनौट समिति गठन गर्नुपर्नेछ । परीक्षा सञ्चालन उपु परीक्षण, अन्तरबार्ता तथा अन्तिम नतिजा प्रकाशन सम्बन्धी कार्यविधि शिक्षक छनौट समितिले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।

च) विद्यालयले शिक्षक (करार वा राहत) रिक्त भएको लिखित जानकारी गाउँपालिकालाई दिनुपर्नेछ । रिक्त भएको जानकारी प्राप्त भएपछि करार सूचिको योग्यताक्रमको आधारमा सम्बन्धित शिक्षकलाई नियुक्तिका लागि विव्यसलाई सिफारिस गरिनेछ । सिफारिस गरेपछि निज शिक्षक ७ दिन भित्र विद्यालयमा हाजिर नभएमा करार सूचिबाट निज शिक्षकको नाम हटाइनेछ र योग्यताक्रमको अर्को शिक्षकलाई सिफारिस गरिनेछ । यसरी सिफारिस गरिएको शिक्षकलाई हाजिर गराउनु सम्बन्धित विद्यालयको विव्यसको कर्तब्य हुनेछ । एक वर्ष भित्र पनि करार सूचिका शिक्षकहरु खपत नभएमा अर्को बर्ष पनि उक्त सूचि प्रयोग गर्न सकिनेछ तर पछिल्लो पटक भएको विज्ञापनबाट निर्मित करार सूचि भन्दा अघिल्लो करार सूचिका शिक्षकहरु योग्यता क्रममा माथि रहनेछन् ।

६) यसरी प्राप्त भएको करार सूचिका शिक्षकहरु अर्को विज्ञापन नहुँदै अपुग हुन गएमा विस्थापित शिक्षकहरुमध्येबाट नियुक्ति मितिको जेष्ठताको आधारमा राहत बाहेकका रिक्त स्थानहरुमा पठाउन सकिनेछ ।

## परिच्छेद ३ - विशेषज्ञ सम्बन्धी व्यवस्था

**६. विशेषज्ञ सूचीकरण प्रक्रियाः** (१) ऐनको दफा ३१ र यस कार्यविधिको दफा ८ को उपदफा घ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिकाबाट सूचना प्रकाशित भएपछि तोकिएको अवधिभित्र दस्तुर र कागजात सहित निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना गर्दा निवेदन साथ सम्लग्न हुनुपर्ने

कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ ।

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन उपर छानविन गरी आधारभूत तह कक्षा (१-५), आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहको लागि छुट्टाछुट्टै विशेषज्ञको सूची प्रकाशित गर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूची प्रकाशन गर्दा आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहका लागि विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

७. **विशेषज्ञको योग्यताः** विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ ।

क) सम्बन्धित तहमा स्थायी भई कम्तिमा तीन वर्षको शिक्षण अनुभव भएको ।

ख) आधारभूत तह (१-५) को लागि स्नातक वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ग) आधारभूत तह (६-८) का लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह गरी तालिम प्राप्त ।

घ) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह गरी तालिम प्राप्त ।

८. **विशेषज्ञ छनोट सम्बन्धी व्यवस्थाः** (१) कुनै विषयमा कम्तीमा एक जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय इकाई, धादिङ वा धादिङ जिल्ला भित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञ मध्ये छनोट समितिले विशेषज्ञ छनोट गर्नेछ ।

(३) शिक्षा विकास तथा समन्वय इकाइ धादिङ र धादिङ जिल्लाका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञको सूची शाखाले माग गरी अभिलेख राख्नेछ । छनोट भएका विशेषज्ञलाई पठाइदिन सम्बन्धित स्थानीय तह तथा विद्यालयलाई अनुरोध गर्नेछ ।

## परिच्छेद ४ - करार नियुक्ति

९.**करारमा शिक्षक नियुक्तिः** (१) यस कार्यविधि बमोजिम छनोट भएको शिक्षकलाई

बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिले "अनुसूची १" मा उल्लेखित ढाँचामा करारमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने शिक्षकलाई "अनुसूची २" बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समितिले करारनामा (सम्झौता) गराउनुपर्नेछ ।

(३) करारमा नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरी पन्ध्र दिन भित्र शिक्षा विकास तथा समन्वय इकाइ र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

(४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भइ आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै समयमा पनि अवकाश हुनेछ ।

**१०. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने:** (१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिइ विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिइ हाजिर नभएमा वा उक्त पदमा एक बर्ष भित्रमा रिक्त भएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

**११. सट्टा शिक्षकसम्बन्धी व्यवस्था:** (१) प्रसुती बिदा लिनु परेमा कार्यरत शिक्षकको सट्टामा बिदा अवधिभरको लागि विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी सट्टा शिक्षक नियुक्ति गरी पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ । बालविकास शिक्षकको सट्टा भए मासिक १०००० को दरले ९० दिनको र अन्य शिक्षकको सट्टा भए मासिक २०००० को दरले ९० दिनको पारिश्रमिक गाउँपालिकाले प्रदान गर्नेछ । सम्बन्धित शिक्षक विद्यालयमा हाजिर भएको दिन देखि निज शिक्षकले स्वत अवकाश पाउनेछ ।

**१२. अन्य शिक्षक सम्बन्धी व्यवस्था:** वडाबाट विनियोजित बजेट, शिक्षा युवा तथा खेलकूद शाखाबाट शिक्षण सहयोग अनुदान तथा विद्यालय स्रोतबाट कुनै शिक्षक कर्मचारी नियुक्त गर्नु परेमा नियुक्ति प्रक्रिया र व्यवस्थापन विव्यसको बैठकले तय गरेको मापदण्ड बमोजिम हुनेछ । यस्तो प्रकृतिका शिक्षक कर्मचारीहरुको तलब भत्ता भुक्तानी लिन आउँदा तपसिलका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) विव्यसको निर्णय प्रतिलिपी ख) वडा समितिको सिफारिस

ग) नियुक्ति पत्र घ) शैक्षिक योग्यताको प्रमाणपत्र

ङ) तलब भत्ता बुझेको भरपाई

**१३. उजुरी सम्बन्धी व्यवस्थाः** (१) करारमा शिक्षक नियुक्ति सम्बन्धि विषयमा चित्त नबुझेमा उम्मेदवारले शिक्षा विकास तथा समन्वय इकाइमा कारण र आधार खोली उजुरी दिन सक्नेछन् ।

(२) शिक्षा विकास तथा समन्वय इकाइले उजुरी उपर छानबिन गरी आवश्यक निर्णय गर्नेछ ।

**१४. पारिश्रमिक र खर्च सम्बन्धी व्यवस्थाः** (१) छनोट समितिमा रहने सबै सदस्यहरु बैठकमा आमन्त्रित सदस्य तथा शिक्षक छनौट प्रक्रियामा खटेबापत अधिकतम ५ बैठकसम्म प्रति बैठक रु १००० का दरले भत्ता पाउनेछन् ।

(२) जिम्मेवारी तोकिएका सदस्यहरु र विशेषज्ञहरुले प्रश्नपत्र निर्माण, प्रश्नपत्र मोडरेसन, परीक्षा सञ्चालन र व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण तथा अन्तरवार्ता सञ्चालन र अभिलेखीकरण जस्ता कामको जिम्मेवारी वहन गरे अनुसार समितिले तोकेको प्रचलित नियम अनुसारको पारिश्रमिक पाउनेछन् ।

(३) विशेषज्ञहरुलाई यातायत खर्च वापतको थप रकम उपलब्ध गर्न सकिनेछ ।

(४) आवेदन शुल्क वापत जम्मा भएको रकम सम्बन्धित विद्यालय वा गाउँपालिकाले परीक्षा सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

**१५. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

"अनुसूची १"

## नियुक्ति पत्रको ढाँचा

........................आधारभूत /माध्यमिक विद्यालय

बेनीघाट रोराङ गाउँपालिका

.......................  धादिङ

मितिः -

विषयः नियुक्ति सम्बन्धमा ।

श्री....................................

..........................................

यस विद्यालयमा रिक्त रहेको दरबन्दीमा भएको विज्ञापनको ................. विषयमा .............. तहको ................. मितिमा गाउँपालिकामा सञ्चालन भएको छनोट परीक्षामा सफल भई नियुक्तिको लागि सिफारिस भई आउनुभएको तपाईलाई यस विद्यालयको मिति ............. को निर्णय अनुसार नेपाल सरकार/बागमती प्रदेश सरकार/बेनीघाट रोराङ गाउँपालिकाबाट निकासा भए बमोजिम तलब भत्ता खाने गरी करारमा नियुक्ति गरिएको छ । शिक्षा ऐन तथा नियमावलीमा उल्लेखित आचार संहितामा आधारित भइ प्र अ को मातहतमा रही कामकाज गर्नुहुन अनुरोध छ ।

....................

प्रधानाध्यापक

बोधार्थः -

१.शिक्षा विकास तथा समन्वय इकाई धादिङ, -अभिलेखीकरण गरिदिनुहुन ।

२.श्री बेनीघाट रोराङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, विशालटार, धादिङ, -नियुक्ति समर्थन गरिदिनुहुन ।

# अनुसुचीः २

## करारनामाको ढाँचा

यस विद्यालय व्यवस्थापन समितिको मिति २०..../..../... को निर्णयानुसार शिक्षक नियुक्ति गर्ने विषयमा श्री.......................... .विद्यालयको प्रधानाध्यापक श्री ....................................... (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ ) र शिक्षक श्री .............................................. (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ ) का बीच मिति २० ..../..../....मा सम्पन्न भएको करार सम्झौता पत्र दोस्रो पक्षले यस विद्यालयमा पुर्याउनुपर्ने मुख्य मुख्य सेवाको विवरण यस प्रकार रहेको छ ।

**दोस्रो पक्षले पुर्याउनु पर्ने सेवाको विवरणः**

१. प्रचलित कानून बमोजिम शिक्षकले पालना गर्नु पर्ने शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

२.विद्यालयले जिम्मा दिएको विषयमा उच्च सिकाई उपलब्धी हासिल गर्न कार्ययोजना बनाइ कार्यन्वयन गर्नुका साथै विद्यालयबाट निर्धारण गरिएको दैनिक कार्यतालिका अनुसार अध्ययन अध्यापन गर्ने ।

३.विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागिता जनाउने ।

४.विद्यालयको शिक्षक भएकोमा गर्व गर्दै विद्यालयको प्रगतिका लागि समर्पित हुने ।

५.विद्यालयमा कुनै घण्टी खाली भएमा विद्यालयले तोके बमोजिम शिक्षण गर्ने ।

६.बालमैत्री र भएरहित शिक्षण सिकाइ क्रियाकलापको अवलम्बन गर्ने ।

७. विद्यालय प्रधानाध्यापक एवंम् विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी रहने ।

**दोस्रो पक्षले उल्लेखित सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दिनुपर्ने सुविधा र अन्य शर्तहरुः**

१. पारिश्रमिक मासिक रु ...................... का दरले .......... महिनाको हुन आउने रकम,भत्ता वापत मासिका रु .......... का दरले ........... महिनाको हुन आउने रकम, पोशाक भत्ता वापत वर्षको एकमुष्ट रु............... ,चाडपर्व खर्च वापत वर्षमा १

महिनाको पारिश्रमिक वापत हुने रकम रु ..............., प्रथम पक्षले उपलब्ध गराउने छ ।

२. शिक्षकले किरिया बिदा र सुत्केरी बिदा नियमानुसार पाउने छन् । बिरामी बिदा वापत प्रति महिना एक दिनका दरले बिरामी बिदा पाउने तर उक्त बिदा सञ्चित नहुने र सो वापत कुनै रकम भुक्तानी गरिने छैन ।

३. स्थायी दरबन्दीमा कार्यरत शिक्षक सरह निवृतीभरण उपदान औषधोपचार खर्च उपलब्ध गराइने छैन ।

४. विद्यालयबाट उपलब्ध गराइने अन्य सुविधाहरुमा बैठक भत्ता तालिम भत्ता तथा दैनिक भ्रमणभत्ता र अन्य सुविधा वि व्य स ले निर्णय गरे अनुसार उपलब्ध हुने छ ।

५. अन्य सुबिधाहरु शिक्षा विकास निर्देशनालय  शिक्षा विकास तथा समन्वय इकाइ र गाउँपालिकाले थप गरे अनुसार दिन सकिन्छ ।

६. दोस्रो पक्षको कार्य सन्तोषजनक नभएमा १५ दिन पूर्व अग्रिम सूचना दिइ यो सम्झौता भङ्ग गर्न सकिने छ ।

**दोस्रो पक्षः**

नाम

ठेगाना

तह

विषय

हस्ताक्षर

मितिः

**प्रथम पक्षः**

नाम

ठेगाना

हस्ताक्षर

मितिः

रोहबरः

## अनुसूची -३ “अभिलेखीकरण फाराम ”

## बेनीघाट रोराङ गाउँपालिका, विशालटार,धादिङ

## करार शिक्षक छनोट परीक्षा  २०........

# <u>लिखित परीक्षाको उपस्थिति विवरण</u>

| | विज्ञापन नं | | तह | | | |
|---|---|---|---|---|---|---|
| क्र सं | परीक्षार्थीको दर्ता नं | परीक्षार्थीको नाम थर | ठेगाना | सम्मिलित विद्यालय | हस्ताक्षर | कैफियत |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

प्रमाणित गर्नेको
हस्ताक्षर

अनुसूची -४

बेनीघाट रोराङ  गाउँपालिका

विशालटार,धादिङ

करार शिक्षक छनोट परीक्षा २०

<u>लिखित परीक्षाको उत्तरपुस्तिका कोडिङ लेजर</u>

| | विज्ञापन नं | | तह | | |
|---|---|---|---|---|---|
| क्र सं | परीक्षार्थीको दर्ता नं | परीक्षार्थीको कोड नं | | परीक्षार्थीको नाम थर | कैफियत |
| | | वस्तुगत | विषयगत | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणित गर्नेको
हस्ताक्षर

आज्ञाले
भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत